## याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**थर्पु, पाँचथर**

## " याङवरक गाउँपालिका संयुक्त कार्यक्रम अनुगमन प्रतिवेदन "

# प्रतिवेदन

**प्रतिवेदन पेश गरेको निकाय**

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर


**प्रतिवेदन तयार गर्ने :**

नाम : सुवर्ण लिम्वु
पद : नायव पशु स्वास्थ्य प्राविधिक
याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थर्पु, पाँचथर
सम्पर्क नं. ९८४२६६०३७५

## १. परिचय

### १.१. संस्थाको परिचय

नेपालको मानचित्रमा पाँचथर जिल्लाको याङवरक गाउँपालिकाको फैलावट २७.२७° उत्तरी अक्षांश देखि ८७.८६° पूर्वी देशान्तरमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा भारतको सिक्किम, पश्चिममा हिलिहाङ गाउँपालिका, उत्तरमा ताप्लेजुङ जिल्लाका याङवरक पाथिभरा र सिदिङवा गाउँपालिकाहरु र दक्षिणमा पाँचथर जिल्लाकै फालेलुङ र हिलिहाङ गाउँपालिकासँग सिमाना जोडिएको छ । मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू–भागमा फैलिएको यो गाउँपालिका भाङबारी काबेली बगर समुद्री सतहबाट २००० फिट देखि फलैचाको तिम्बुङपोखरी १२०५८ फिट सम्म फैलिएको छ । यस गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ । २०७८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार १६८२८ जनसंख्या रहेको छ ।

हाल निर्माणाधिन मध्य पहाडी (पुष्पलाल लोकमार्ग) को उद्गम स्थल च्याङथापूको चिवाभञ्ज्याङ वाट सुरु भै च्याङथापु बजार, फलैचा, ओयाम, थर्पू, नागीको गणेशचोक हुदै हिलिहाङ गाउँपालिका जोडेको छ । यस गाउँपालिकाको केन्द्रबाट ताप्लेजुङ जिल्लाका याङवरक पाथिभरा र सिदिङवा गाउँपालिका र सबै वडा सम्म कच्ची सडक सञ्जाल रहेको तिम्बुङपोखरी, लामपोखरी, सुकेपोखरी, गुन्टेपोखरी, नेपालको एकमात्र निशान नाँच नचाइने निशान कालिका धाम, गुम्से पाथिभरा, किराँत माङहिम, कालापानी, भोटेगडी, चिवाभञ्ज्याङ, चरिभञ्ज्याङ, गुप्तेश्वर महादेव, माङ्गेनालुङ, गायत्रीस्वरुप विवेकानन्द आश्रम आदि धाम मुख्य धार्मिक तथा पर्यटकीय स्थल पर्यटकिय सम्भावना रहेको पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिका हो ।

### १.२. कार्यक्रमको पृष्ठभुमी

याङवरक गाउँपालिकाको आ.ब. २०७९/०८० मा भौतिक पुर्वाधार तथा अन्य क्षेत्रमा यस गाउँपालिकावाट विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । गाउँपालिकावाट सञ्चालित कृयाकलापहरुको कार्य सम्पादनमा नियमितता तथा चुस्त दुरुस्त र प्राविधिक रुपले गुणस्तरीय पुर्वाधार निर्माण गरी जनताको सेवा तथा सुविधा र पहुँचमा अभिवृद्धि गराउन आजको आवश्यक्ता रहेको छ । गाउँपालिकावाट सम्पादित विभिन्न कृयाकलापहरुको विभिन्न चरणमा स्थलगत अनुगमन गरी कार्य सम्पादनमा भएका कमीकमजोरीको वारेमा समयमा नै साझेदार निकायलाइ जानकारी/पृष्ठपोषण दिन सकेमा कार्य सम्पादनको गुणस्तरमा सुधार हुने अपेक्षाका साथ गाउँपालिकावाट विभिन्न शाखावाट सञ्चालित कार्यक्रमहरुको स्थलगत रुपमा फिल्ड अनुगमन कार्य सम्पन्न गरी यो अनुगमन प्रतिवेदन पेश गरिएको छ ।

### १.३ अनुगमनको उद्देश्य :

यस अनुगमन कार्यक्रमको उदेश्य देहाय अनुसार रहेको थियो ।

- ✓ गाउँपालिकाको आ.व. २०७९/८० मा सम्पादन हुने विभिन्न योजनाहरुको स्थलगत अनुगमन गरी साझेदार निकायलाई पृष्ठपोषण दिने ।
- ✓ सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता र गुणस्तर पहिचान गरी थप आगामी दिनमा दिगोपनाका लागि लिन सकिने रणनीतिक योजना तर्जुमा वारेमा अध्ययन गर्ने ।
- ✓ गाउँपालिकाको प्रशासनिक सेवा प्रवाहको नियमितता तथा गुणस्तर र सेवा ग्राहीको प्रतिकृया समेत वुझ्ने ।

## २. कार्यक्रमको अनुगमन प्रकृया :

कार्यक्रमको अनुगमन स्थलगत रुपमा सवै पदाधिकारीहरुको सँलग्नतामा प्रत्यक्ष रुपमा पुगी स्थानीय सरोकारवाला तथा साझेदार निकाय र लाभग्राहीको प्रत्यक्ष उपस्थितिमा सम्पन्न भएको छ। कार्यक्रम सञ्चालनको क्रममा भएका गुणस्तर निर्धारण प्रकृया कार्यक्रम सञ्चालन प्रकृयाको वारेमा स्थानीय समुदायको धारणा तथा वुझाइ समेत वुझ्ने कार्य गरिएको छ।

## ३. अनुगमन गरिएको योजना तथा कार्यालय विवरण

अनुगमनको क्रममा देहाय अनुसार पृष्ठपोषण प्रदान गरिएको थियो।

| क्र. सं. | अनुगमन गरिएको योजना तथा कार्यक्रम र कार्यालयहरु विवरण | कार्यक्रम अनुगमनको क्रममा पाइएको विवरण तथा भनाइहरु | दिइएका सल्लाह तथा सुझावहरु | कै. |
|---|---|---|---|---|
| १ | च्याङथापु डेरी उद्योग याङवरक १ च्याङथापु | • दैनिक उत्पादन तथा प्रशोधन ७००-८५० लीटर सम्म हुँदै आएको<br>• दैनिक घ्यु तथा छुर्पी उत्पादन हुँदै आएको।<br>• उत्पादन प्रशोधन र वजारीकरणमा कुनै समस्या नभएको सञ्चालकको भनाइ पाइयो। | • उत्पादनको वजारीकरण तथा सरसफाइमा विशेष ध्यान दिनु पर्ने देखिएको।<br>• दैनिक उत्पादन प्रवर्द्धन तथा वृद्धिका लागि फर्मले विकल्पका उपायहरु अपनाउनु पर्ने।<br>• कृषकहरुको उत्पादन लागत न्युनिकरणका आवश्यक समन्वय गरी मुल्य वृद्धिको श्रृङखला रोकावटका लागि वैकल्पिक उपाय अपनाउन आवश्यक रहेको। | |
| २ | खुङखोला सिचाइ योजना याङवरक गाउँपालिका वडा नं २ | • सिचाइ योजना प्राविधिक स्टिमेटमा भए अनुरुप फिल्डमा कार्य हुँदै आएको | • सिचाइ कुलोको क्युरीङ कार्यमा विशेष ध्यान दिनुपर्ने साथै समयमा कार्य सम्पन्न गर्नुपर्ने।<br>• दैनिक उत्पादन प्रवर्द्धन तथा वृद्धिका लागि समुहले खेती प्रणालीका विभिन्न विकल्पका उपायहरु अपनाउनु पर्ने। | |
| ३ | स्वास्थ्य चौकी फलैचा /वर्थिङ सेन्टर याङवरक गाउँपालिका २ फलैचा पाँचथर | • प्राविधिक स्टिमेट अनुरुप कार्य सम्पन्न भएको।<br>• ५ जना एनसी चेकअप गरिएको। | • वरिपरिको सानातिना फुटेका साइडहरु टाल्नु पर्ने देखिएको।<br>• गर्भवती महिलालाई पहिचान गरी नियमित रुपमा गर्भपरिक्षणका लागि स्वास्थ्य सँस्थामा ल्याउनुपर्ने देखिएको।<br>• स्वास्थ्य चौकीमा भएको इन्भर्टर व्याट्री व्याकअप तुरुन्त मर्मत संभार गर्नुपर्ने। | |

| क्र. सं. | अनुगमन गरिएको योजना तथा कार्यक्रम र कार्यालयहरु विवरण | कार्यक्रम अनुगमनको क्रममा पाइएको विवरण तथा भनाइहरु | दिइएका सल्लाह तथा सुझावहरु | कै. |
|---|---|---|---|---|
| ४ | नारायणी मा. वि. फलैचा गंगवा | • विद्यालयमा शैक्षिक गतिविधि अन्तर्गत विद्यार्थी भर्ना कार्य हुदै गरेको पाइयो ।<br>• कार्यालयमा ४ जना शिक्षक तथा शिक्षिका मात्र उपस्थित रहेको पाइयो ।<br>• विद्यालयमा १-५ सम्मको पाठ्यपुस्तक नभएको पाइयो । | • विद्यालयमा १-५ सम्मको पाठ्यपुस्तक नभएको तत्काल व्यवस्था गरी शैक्षिक गतिविधि सञ्चालन गर्ने ।<br>• विद्यालय भर्ना गर्दा जन्म दर्ता प्रमाणपत्र,खोप कार्ड, वुवा आमाको नागरिकताको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा लिनुपर्ने ।<br>• विद्यालयको दरवन्दी रहेका स्थायी तथा करारका शिक्षकहरु के कति कारणले उपस्थित नभएको यकिन गरी गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्ने ।<br>• विद्यालयको जिन्सी खाता व्यवस्थापन गर्नुपर्ने साथै वि.व्य. स. गठन हुँदाको रजिष्टर अष्पष्ट भएकोले स्पष्ट पार्नुपर्ने । | |
| ५ | सुर्योदय आ वि याङवरक २ सेपी पाँचथर | • सवै शिक्षक उपस्थित भएको ।<br>• विद्यार्थी भर्ना भइ रहेको | • विद्यालय भर्ना गर्दा जन्म दर्ता प्रमाणपत्र,खोप कार्ड, वुवा आमाको नागरिकताको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा लिनुपर्ने ।<br>• नयाँ वर्ष देखि अनिवार्य रुपमा इ हाजिरी वाट हाजिरी गर्ने ।<br>• विद्यालयका शिक्षक भिम प्रसाद वेघाको विद्यालयमा अनियमित हाजिरी भएकोले निज शिक्षकलाइ नियमानुसार नियमित हाजिर गराउन वि.व्य.स.वाट जानकारी गराइ त्यसको प्रतिलिपी शिक्षा शाखामा पेश गर्ने । | |
| ६ | स्वास्थ्य चौकी च्याङथापु याङवरक १ | • अभिलेख खाता केरमेट गरेको पाइयो । | • विरामी अभिलेख खाता केरमेट नगरी लेख्नुपर्ने<br>• पिएनसीको घरधुरी अनुगमन रजिष्टर व्यवस्थित गर्नुपर्ने ।<br>• सोलार प्यानलको व्यवस्थापन गर्नुपर्ने देखिएको | |

| क्र. सं. | अनुगमन गरिएको योजना तथा कार्यक्रम र कार्यालयहरु विवरण | कार्यक्रम अनुगमनको क्रममा पाइएको विवरण तथा भनाइहरु | दिइएका सल्लाह तथा सुझावहरु | कै. |
|---|---|---|---|---|
| | | | • नियमित रुपमा इ हाजिरी लगइन गरी दैनिक हाजिरी रुजु तथा अप्डेट गर्नुपर्ने<br>• स्वास्थ्य सँस्थामा भएको शौचालयको सेफ्टी टेंकी तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएको | |
| ७ | कागुने सिचाइ योजना याङवरक गाउँपालिका वडा नं ३ | • सिचाइ योजना प्राविधिक स्टिमेटमा भए अनुरुप फिल्डमा कार्य हुँदै आएको | • सिचाइ कुलोको क्युरीङ कार्यमा विशेष ध्यान दिनु पर्ने साथै समयमा कार्य सम्पन्न गर्नुपर्ने ।<br>• दैनिक उत्पादन प्रवर्द्धन तथा वृद्धिका लागि समुहले खेती प्रणालीका विभिन्न विकल्पका उपायहरु अपनाउनु पर्ने ।<br>• जडान गरिएको पाइपलाइ टुटेको ठाउँमा पुन: जडान गर्नुपर्ने साथै पाइपलाइ पुर्ण रुपमा पुर्नुपर्ने ।<br>• पाइप जडान सम्पन्न गरी पानी झरेको परिक्षण समेत गराइ उक्त पानीको वहाव क्षमता प्राविधिक रुपमा ठीक छ वा छैन परिक्षण गर्नु गराउनुपर्ने । | |
| ८ | स्वास्थ्य चौकी ओयाम याङवरक ३ | • कार्यालयमा सवै कर्मचारी नियमित हाजिर गरी कामकाज गरेको पाइयो । | • नियमित रुपमा इ हाजिरी लगइन गरी दैनिक हाजिरी रुजु तथा अप्डेट गर्नुपर्ने<br>• पिएनसीको घरधुरी अनुगमन रजिष्टर व्यवस्थित गर्नुपर्ने ।<br>• गर्भवती महिलालाई पहिचान गरी नियमित रुपमा गर्भपरिक्षणका लागि स्वास्थ्य सँस्थामा ल्याउनुपर्ने देखिएको ।<br>• निर्धारित लक्ष्य अनुसार उपलव्धि हासिल गर्नका लागि पहल गर्नुपर्ने ।<br>• विरामी अभिलेख रजिष्टर व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |

## ४. कार्यक्रम अनुगमन अवधि :-

गाउँपालिकावाट सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन देहाय अनुसारको मितिमा सम्पन्न भएको थियो ।

| क्र स | कार्यालय/कार्यक्रम/योजनाको नाम | अनुगमन गरिएको मिति | कैफियत |
|---|---|---|---|
| १ | च्याङथापु डेरी उद्योग याङवरक १ च्याङथापु | २०८० वैशाख ११ गते | |
| २ | खुङखोला सिचाइ योजना याङवरक गाउँपालिका वडा नं २ | २०८० वैशाख ११ गते | |
| ३ | स्वास्थ्य चौकी फलैचा /वर्थिङ सेन्टर<br>याङवरक गाउँपालिका २ फलैचा पाँचथर | २०८० वैशाख ११ गते | |
| ४ | नारायणी मा. वि. फलैचा गंगवा | २०८० वैशाख ११ गते | |
| ५ | सुर्योदय आ वि याङवरक २ सेपी पाँचथर | २०८० वैशाख ११ गते | |
| ६ | स्वास्थ्य चौकी च्याङथापु याङवरक १ | २०८० वैशाख ११ गते | |
| ७ | कागुने सिचाइ योजना याङवरक गाउँपालिका वडा नं ३ | २०८० वैशाख १२ गते | |
| ८ | स्वास्थ्य चौकी ओयाम याङवरक ३ | २०८० वैशाख १२ गते | |

**५. अनुगमनमा सँलग्न पदाधिकारीहरु :-**

| क्र स | सँलग्न पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | वावा मेन्याङवो | उपाध्यक्ष/ संयोजक कार्उयक्रम अनुगमन समिति | |
| २ | सुमन लिङदेन (लिम्वु) | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | शरद दाहाल | इन्जिनियर याङवरक गाउपालिका | |
| ४ | सुर्य प्रसाद गौतम | शिक्षा शाखा याङवरक गाउँपालिका | |
| ५ | दिपेन्द्र वुढाथोकी | योजना अनुगमन शाखा | |
| ६ | मोविर पुन | प्राविधिक | |
| ७ | सुरेश वेघा | प्राविधिक | |
| ८ | सुवर्ण लिम्वु | पशुपंक्षी सेवा शाखा/उद्यम विकास शाखा | |
| ९ | रोशन लिम्वु | फोकल पर्सन सिचाइ योजना | |

**६. अनुगमनका क्रममा देखिएका समस्याहरु**

१. निर्धारित समयको अभावका कारण सवै क्षेत्रमा व्यवस्थित तवरले अनुगमन गर्न कठिन भएको।

**७. समाधानका उपायहरु**

१. छोटो समयलाई पनि पुर्ण सदुपयोग हुने गरी व्यवस्थापन मिलाईएको।

**८. निष्कर्श**

यस याङवरक गाउँपालिका द्धारा संचालन गरिएको एकिकृत अनुगमन नियमित रुपमा गर्नुपर्ने देखिन्छ यस अनुगमन कार्यले योजनाको गुणस्तर सुधार हुनुका साथै कार्यालयवाट हुने सेवा सुविधाको व्यवस्थित र चुस्त दुरुस्ततामा सुधार हुने समेत देखिन्छ।

**पेश गर्ने**
बाबा मेयाङवो
संयोजक
अनुगमन तथा सुपरिपेक्षण समिति